# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी — ५ नं. प्रदेश, नेपाल

**धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ निकासी कर असुल गर्ने सम्बन्धी**

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०७५/०८/११

१. यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष ०७५/७६ को अवधिका लागि तपशिल बमोजिमको स्थानहरुमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदी जन्य पदार्थको निकासी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रहि शिलवन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म बोलपत्र फारम यस कार्यालयमा सम्बन्धीत अपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अध्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रमाण पत्र मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणीत पत्र, स्थायी लेखा नं.(PAN) प्रमाणीत पत्र आर्थिक वर्ष ०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणीत पत्र नियमानुसारको तपशिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयमा उपलब्ध गराइने छ।

३. शिलबन्दी बोलपत्र १६ औं दिनको दिउसो १२ बजे विदा परे विदाको भोली पल्ट सम्म पेश गरि सक्नुपर्ने र सोही दिनको दिउसो २ बजे धुर्कोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बर्वोट गुल्मीमा बोलपत्र खोलिने छ।

४. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी धुर्कोट गाउँपालिकाको सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं.**०९१०५०१३०७७०१००२** मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ। साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ।

५. रकम तीन किस्ता गरि बुझाउने पर्नेछ। पहिलेनै एक मुष्ट बुझाउन चाहेमा आफैले कबुल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिनेछ।

६. कबुल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्ने छ। अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ। रित नपुगि वा म्याद नागी आएको बालेपत्र उपर कुनै कारवाही हुने छैन।

८. नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकेदार स्वंमले व्यहोर्नु पर्नेछ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ।

११. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| सूचना नं. | मालवस्तुको विवरण | न्युनतम ठेक्का अङ्क (मू.अ.कर. बाहेक) | टेन्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/०७५/७६ | धुर्कोट गाउँपालिकाको वडा नं. ५ , ६ र ७ मा पर्ने छल्दी खोला तथा विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्ध | रु.३,००,०००।- | रु. १०००।- | |
| ०२/०७५/७६ | धुर्कोट गाउँपालिकाको वडा नं. १, २, ३ र ६ मा पर्ने नादी खोला तथा विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्ध | रु. २,००,०००।- | रु. १०००।- | |
| ०३/०७५/७६ | धुर्कोट गाउँपालिकाको वडा नं. ४ मा पर्ने पनाहा खोला तथा विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्ध | रु. २,००,०००।- | रु. १०००।- | |
| ०४/०७५/७६ | धुर्कोट गाउँपालिकाको वडाचौर वडा नं. ७ मा पर्ने पनाहा खोला तथा विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्ध | रु. ५०,०००।- | रु. १०००।- | |

नि. प्रमुख प्रशासकीय अधिकृत

e-mail: dhurkotmun@gmail.com
website: www.dhurkotmun.gov.np